जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

# जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धी कार्यविधि, २०८३

कार्यपालिकाबाट स्विकृत मितिः २०८३।०५।०३

## जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कुश्मिसेरा, बाग्लुङ

CamScanner

# जैमिनी नगरपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावना**

जैमिनी नगरपालिका क्षेत्र भित्रको खोला, ताल तलैया, सीमसार, जलचर, जलीय जैविक विविधताको संरक्षण, दियो उपयोग गर्न, जलस्रोत तथा जलचरमा आश्रित समुदाय बीचको अध्यात्मिक तथा साँस्कृतिक अन्तरसम्बन्ध तथा अन्तरनिर्भरता समेत सुदृढ गर्न जलचरमा आधारित जीविकोपार्जनको प्रवर्द्धन तथा व्यवस्थापन गरी आम नागरीकको सुविधा र आर्थिक हितको सम्वर्धनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, जैमिनी नगरपालिका नगरकार्यपालिकाले नेपालको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "**जैमिनी नगरपालिकाको जलचर एवम् जलीय जैविक विविधता संरक्षण कार्यविधि, २०८३**" रहेको छ।

   क. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

   क. "प्रमुख" भन्नाले जैमिनी नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

   ख. "औजार" भन्नाले जलचरलाई समाउन, पक्रन, मार्न वा संकलन गर्न प्रयोग हुने सबै किसिमका औजार, उपकरण, साधन वा सामग्री, विष्पोटक पदार्थ तथा माहाजाल, करेन्ट जाल, बल्छी, साधारण जाल, खुकुरी, भाला, दुवालो थुन्ने, पहाई टेक्ने, लुकाई मार्ने, तिर कोच्ने, घन र मेशीन समेत सम्झनु पर्छ।

   ग. "कार्यपालिका" भन्नाले जैमिनी नगर कार्यपालिका सम्झनु पर्छ।

   घ. "नगरपालिका" भन्नाले जैमिनी नगरपालिका सम्झनु पर्छ।

   ङ. "जलचरमा आश्रित व्यक्ति वा समुदाय" भन्नाले खोलानाला, ताल, तलैया, सिमसारमा रहेका जलचरमा आंशिक वा पूर्ण रुपमा आधारित भई जीविकोपार्जन गर्ने समुदाय वा व्यक्ति सम्झनु पर्छ।

   च. "जलचर" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव सम्झनु पर्छ।

   छ. "जलीय जीव" भन्नाले जलभित्र रहने वा पाईने जुनसुकै जीव र वनस्पती सम्झनु पर्छ।

   ज. "जलचर संकलन" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव समाउने, पक्रने, मार्ने वा संकलन गर्ने कार्य सम्झनु पर्छ।

   झ. "जलीय जैविक विविधता" भन्नाले खोला, सिमसार वा तालमा रहने जीवहरुको भिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीहरु बीचको अन्तरसम्वन्ध एवम् प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरुमा पाइने वि[illegible] तिनीहरुको संयोजनलाई सम्झनु पर्छ र सो शव्दले आनुवंशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातीय वा प्रजातीय वा प्रजातिगत (भेराइटलर स्पेसिस) विविधता र पारिस्थितिक प्रणालीको विविधता (इकोसिष्टम डाइभर्सिटी) समेतलाई जनाउँछ।

   ञ. "ताल" भन्नाले कुण्ड, पोखरी, ताल, दह, तलाउ, प्राकृतिक वा कृत्रिम जलाशय, सिमसार, मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज) तथा माछा पालन गरेको धान खेत समेत सम्झनु पर्छ।

   ट. "दिगो उपयोग" भन्नाले जलचर र जलीय जैविक विविधता एवम् जलीय जैविक विविधताका अवयवहरुको उपयोगबाट जलचर र जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरु दीर्घकालिन रुपमा नघट्ने र पूर्ववत अवस्थामा रहन सक्ने तथा दीर्घकालीन रुपमा सञ्चिति कायम गर्न सक्ने सीमाभित्र रहने गरी गरीएको सदुपयोग सम्झनु पर्छ।

   ठ. "खोला" भन्नाले खोला, नाला, खहरे, नहर, कुलो, मुल र तिनीहरुको स्रोत मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज) समेत सम्झनु पर्छ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

CamScanner

ड. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जैमिनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

ढ. "मिचाहा प्रजाति" भन्नाले जलीय वनस्पति वा जलचरको कुनै त्यस्तो प्रजाती जुन स्थान विशेष वा पारिस्थितिकीय प्रणालीको रैथाने प्रजाती नभई, तिब्र प्रजनन् र छिटो फैलन सक्ने क्षमता र प्रकृति वा गुणको कारणले आफनो प्राकृतिक विगत वा हालको बासस्थान भन्दा बाहिरको स्थान विशेष वा पारिस्थितिकीय प्रणालीमा स्थापित भै जैविक विविधता, वातावरण, आर्थिक क्रियाकलाप र मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पार्ने वा पार्न सक्ने प्रजाती सम्झनु पर्छ।

ण. "वडा कार्यालय " भन्नाले जैमिनी नगरपालिकाको वडा सम्झनु पर्छ।

त. "सभा" भन्नाले जैमिनी नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

**परिच्छेद २**

**जलचर संरक्षण सम्बन्धी व्यवस्था**

३. **स्थानीय खोला वा दहमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने:** (१) नगरपालिकाबाट अनुमति, हक, छुट, सुविधा, पट्टा वा पूर्जी वा प्रमाण पत्र प्राप्त गरी वा अरु कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा समूहलाई नगरपालिकाको क्षेत्र भित्रको खोला, ताल, तलैया, पोखरी र सिमसारमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन।

(२) नगरपालिकाबाट अनुमति, हक, छुट, सुविधा, पट्टा वा पूर्जी वा प्रमाण पत्र प्राप्तिको लागि नगरपालिकाले अनुसूची २ बमोजिमको सूचना प्रकाशन गरेपछी कुनै व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा देहायका कागजात सहित जैमिनी नगरपालिका भित्रका इच्छुक नागरीकले नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत वा निजको अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनुपर्नेछ।

देहाय:-

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि – थान १
- पासपोर्ट साइजको फोटो – २ प्रति
- अनुसूची १ बमोजिमको निवेदन
- अनुसूची ५ बमोजिमको स्वःघोषणा पत्र

(३) निवेदन प्राप्त भएपछी निवेदन उपर आवश्यक जाँचबुझ गरी अनुसूची ३ बमोजिमको स्वःघोषणा पेश गर्न लगाई आर्थिक ऐनमा तोकिएको राजश्व भुक्तानी गरेपछी अनुसूची ५ बमोजिमको जलचर उपयोग इजाजतपत्र प्रदान गर्न सकिनेछ।

(४) अनुमति, हक, छुट, सुविधा, पट्टा वा पूर्जी वा प्रमाण पत्र प्राप्तिमा लाग्ने शुल्क र दस्तुर नगरपालिकाले तोके बमोजिम हुनेछ।

(५) जैमिनी नगरपालिका क्षेत्र भित्रको खोलानालामा जलचर उपयोग गर्न निषेध गरीएको सूचना अनुसूची २ बमोजिमको हुनेछ।

४. **हक हस्तान्तरण गर्न नहुने:-** कुनै व्यक्ति वा समूहले स्थानीय खोला वा तालमा आफूले पाएको अनुमति, हक, छुट, सुविधा, कसैलाई बिक्री गर्न, बन्धकीमा दिन, दान दिन वा सट्टापट्टा गर्न वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्नु हुँदैन।

५. **इजाजतपत्र नविकरण सम्बन्धी व्यवस्था:-** (१) दफा ३ को उपदफा (३) बमोजिम जारी भएको जलचर उपयोग सम्बन्धी इजाजतपत्र प्रत्येक वर्षको असोज मसान्त भित्र नविकरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम नविकरणको लागि इजाजत प्राप्त व्यक्तीले अनुसूची ४ बमोजिमको निवेदन साथै राखी सक्कल इजाजत पत्र सहित प्रमुख प्रशासकीय अधिकृत वा निजको अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नुपर्नेछ र आर्थिक ऐनले तोके बमोजिमको दस्तुर लिई इजाजतपत्रको नविकरण सम्बन्धी विवरणको पानामा नविकरणको विवरण भरी इजाजतपत्र नविकरण गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम नविकरण नभएको इजाजतपत्रले जलचरको उपयोग गर्न पाइनेछैन।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
जैमिनी नगरपालिका
कुश्मीसेरा, बागलुङ
२०७३

६. **जथाभावी तरिकाले जलचर समाउन वा मार्न नहुने:** (१) कुनै व्यक्तिले कुनै पनि जलचरलाई समात्ने वा मार्ने अभिप्रायले खोला वा तालमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) जलचर समाउने वा मार्ने अभिप्रायले ठुलीमा जालको प्रयोग गर्दा जालको आँखाको आकार (साइज) तीन दशमलव पाँच सेन्टिमिटर (पैंतिश मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) वा सो भन्दा ठूलो प्वाल को जाल, चौथीं, माहाजाल, तथा करेण्ट जाल (गिल नेट) प्रयोग गर्न हुँदैन ।

(३) ठुली बाहेक अन्य वा खोलानालामा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाका आकार (साइज) एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो आँखाको आकार (साइज) र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको आकार (साइज) भएको जाल, चौथीं, महाजाल एवम् करेण्ट जाल (गिल नेट) वा मच्छर झुल प्रयोग गर्न हुँदैन ।

(४) जलचर समाउनका लागि घन हान्ने, दुवाली बुज्ने थुन्ने वा फर्काउने, पटेलो थाप्ने, चौदी जाल, पासा थाप्ने, ढोक्सा वा भुक थाप्न, डोजर जस्ता मेशिाको प्रयोग गरी नदीको धार फर्काउने जस्ता तरीका वा माध्यम प्रयोग गदा माछाका भूरा र माउ माछा समेत सवै साईजका माछा र अन्य जलचर मर्न सक्ने गरी उपरोक्त औजारहरु प्रयोग गर्न तथा रात्रीको समयमा माछा समात्न वा मार्न एवम् नगरक्षेत्र भित्रका खोलामा पाईने असला र बुदुना प्रकृतिका माछाले फूल पार्ने भदौ, असोज, कार्तिक महिनामा कुनै प्रकारले जलचर समाउन वा पक्रन पाईने छैन ।

७. **पैठारी वा खरिद र बिक्रीमा प्रतिबन्ध:-** कसैले पनि जलचर समात्न वा मार्नका लागि बिषालु पदार्थ, विषादी, ब्याट्री, जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात दशमलव पाँच सेन्टिमिटर ( पचहत्तर मिलि मिटर) वा सो भन्दा ठूलो आँखाको साइज भएको जाल, चौथी महाजाल, र करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्न वा गराउन पाईने छैन ।

८. **मत्स्य भऱ्याङ, जलचर ह्याचरी, वातावरणीय वहाव सम्बन्धी व्यवस्था :** (१) विद्युत, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने निकायले जलचरको आवागमनमा बाधा पर्ने खोलानालाको लागि सम्भव भएसम्म मत्स्य भऱ्याङ (फिस ल्याडर) निर्माण गर्नु पर्नेछ । मत्स्य भऱ्याङ निर्माण गर्न वैज्ञानिक वा प्राविधिक रुपमा सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको निर्माण कार्य गर्दा नगरपालिकालाई पूर्व जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको बाँध निर्माण र सञ्चालन गर्दा तल्लो तटको जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न खोलान सुख्खा याममा खोला वा तालको प्रवाहको कम्तिमा पन्ध्र देखि पच्चिस प्रतिशत न्यूनतम वातावरणीय वहाव (इनभायरोमेन्टल फ्लो) सुनिश्चित गर्नु पर्नेछ ।

९. **मत्स्य भऱ्याङ तथा संरचनाका ढोका थुन्न वा भत्काउन नहुने:-** अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि खोला वा तालमा राखिएका मत्स्य भऱ्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकालाई थुन्न वा भत्काउन हुँदैन ।

१०. **खोला र ताल प्रदुषित गराउन नपाइने:-** कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम निष्कासन गर्नु पर्नेछ र फोहरबाट निस्केको दूषित पानी रसायर (लिचेट) वा ढल खोला वा तालमा चुहावट वा उत्सर्जन गरी खोला वा ताल प्रदूषित गर्न गराउन हुँदैन ।

११. **पालेको माछा, शंखे किरा, झिङ्गे माछा र अन्य जलचर खोला वा तालमा निष्कासन गर्न प्रतिबन्ध:** (१) ताल तलैया पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर खोला, खोलानाला वा सार्वजनिक ताल, तलैया, पोखरी, दह तथा सिमसारमा छाडन वा निष्कासन गर्नु हुँदैन ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुस्मीसेरा, बागलुङ
२०७३

**स्पष्टीकरणः-** यस दफाको प्रयोजनको लागि "निष्कासन" भन्नाले माछा, झिङ्गे माछा, शंखे किरा, लगायत अन्य जलचर ल्याएर राख्नु, जम्मा गर्नु वा कुनै हिसावले वा तरिकाले फुत्किएर, फुत्काएर वा बगेर खोला वा तालमा जानु वा निष्कासन हुनु समेतलाई सम्झनु पर्छ।

(२) कुनै व्यक्ती, निकाय वा संघ संस्थाले माछा पालनका लागि पोखरी निर्माण गर्दा पोखरीको डिल जमिनको सतहमाथि साधारणतया कम्तिमा पनि एक दशमलव पाँच मिटर अग्लो हुनुपर्ने छ।

**१२. कार्यपालिकाले आदेश जारी गर्न सक्ने:-** (१) कार्यपालिकाले सूचना प्रकाशन गरी तोकिएका स्थान, याम, ऋतु, महिना वा खोला वा तालमा कार्यपालिकाको अनुमती विना कुनै पनि व्यक्तिले जलचर समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने गरी आदेश जारी गर्न सक्नेछ।

(२) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी माछा तथा अन्य जलचरको संरक्षण सुनिश्चित गर्न खोला वा तालको पुरै वा आंशिक भाग वा कुनै क्षेत्रमा माछा र अन्य जलचर समात्ने, मार्ने, संकलन गर्ने वा क्षति हुनसक्ने क्रियाकलापमा प्रतिवन्ध लगाउन सक्ने वा कुनै ताल वा खोलानालाको त्यस्तो क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा तथा कायम गर्न सक्नेछ।

(३)कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास प्रजाति वा महत्वका जलीय स्तनधारी जीव, घस्रने प्राणी, ओत, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचरलाई संरक्षित जीव वा संरक्षित वनस्पति तोक्न सक्नेछ र त्यस्ता संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत जलीय वनस्पति, माछा र अन्य जलचर समात्न, मार्न तथा चोट पुऱ्याउन वा क्षति हुनसक्ने कुनै पनि क्रियाकलाप गर्न निषेध हुनेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्रकाशित आदेशमा तोकिएका ठाउँ, खोलानालामा रहेका सम्पूर्ण जलचरका सम्बन्धमा कार्यपालिकाको मात्र अधिकार रहने छ।

**१३. नागरीकको कर्तव्य तथा अधिकार :-**

(१) जलचर, जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरुको संरक्षण तथा दिगो उपयोग गर्नु प्रत्येक व्यक्ति, समूह, संस्था वा निकायको कर्तव्य हुनेछ।

(२) खोला वा ताल, सिमसारमा कुनै पनि किंसिमबाट मिचाहा प्रकृति वा प्रजातिका जलीय जीव तथा जलचर खोला वा ताल, सिमसारमा निष्कासन वा बिसर्जन हुन रोक्नु प्रत्येक नागरीकको कर्तव्य हुनेछ।

(३) कार्यपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचरको नागरीकले बिशेष सुरक्षा, संरक्षण एवम् सम्बर्द्धन गर्नु पर्नेछ।

## परिच्छेद ३

## जलचर उपयोग सम्बन्धी व्यवस्था

**१४. जलचर उपयोगको गर्न पाउने क्षेत्र:-** (१) जैमिनी नगरपालिका क्षेत्र भित्र पर्ने कालिगण्डकी नदी (बाग्लुङ नगरपालिकाको सिमानादेखि कालिगण्डकी गाउँपालिका, गुल्मिको सिमानासम्म) ठेउले खोला, टिमुरखोला, काभ्रेखोला, लौवाखोला, चौरीखोला र पालुङखोला मा रहेको दफा ११ ले प्रतिबन्ध गरे बाहेकका प्रजातिका माछाहरु दफा ६ ले गरेको व्यवस्थामा प्रतिकुल नहुने गरी निम्न बमोजिम जलचर उपयोगको व्यवस्था गरीएको छ।

**क.** नगरपालिकाले नगर क्षेत्रभित्रका खोला तथा नदीमा जलचरको उपयोग गर्न इजाजत लिन चाहने व्यक्तिको लागि अनुसूची २ बमोजिम सूचना प्रकाशन गर्न सक्नेछ।

**ख.** सूचना प्रकाशन भएपश्चात अनुसूची १ बमोजिमको निवेदन सहित आवश्यक कागजात र नगरपालिकाले तोकेको राजश्व तिरेको रसिद दर्ता गराएपछी आवश्यक छानविन पश्चात अनुसूची ५ बमोजिमको जलचर उपयोग इजाजत पत्र प्रदान गर्नेछ।

रमेश पण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

CamScanner

## परिच्छेद-३
## कसुर तथा जरिवाना

१५. **कसुरः-** कसैले देहायको कुनै कार्य गरेमा यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछ :-

(क) कुनै व्यक्तिले कुनै खोला वा तालमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले खोला वा तालमा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोट पदार्थ, विषालु पदार्थको प्रयोग गर्ने, तथा बहाव परिवर्तन गरेमा।

(ख) खोलामा माछा र जलचर समात्ने अभिप्रायले जालको आँखाको साइज दुई दशमलव पाँच सेन्टिमिटर (पचीस मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) ठूलो प्वाल को जाल, चौथीं, माहाजाल र करेण्ट जाल जस्ता जाल प्रयोग गर्ने वा घन ठोक्ने कार्य गरेमा,

(ग) नदीनाला वा खोलामा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो आँखाको साइज र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) वा सो भन्दा ठुलो आँखाको साइज भएको जाल, चौथीं, माहाजाल र करेण्ट जाल (गिल नेट) वा मच्छर झुल प्रयोग गरेमा,

(घ) जलचर वा माछा संकलन गर्न, पक्रन वा मार्न वा अन्य कुनै प्रयोजनका लागि डोजर वा जेसिवी जस्ता मेशिनको प्रयोग गरी खोलाको धार परिवर्तन गरेमा,

(ङ) कसैले पनि जलचर समात्न वा मार्नका लागि जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) को जाल, चौथीं, माहाजाल वा करेण्ट जाल पैठारी वा खरिद बिक्री गरेमा,

(च) अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि खोला वा तालमा रहेको मत्स्य भऱ्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोका थुनेमा वा भत्काएमा,

(छ) तोकिएका जातिका जलचरलाई नगरपालिकाको इजाजत पत्र बेगर कुनै पनि व्यक्तिले समातेमा, मारेमा, चोट पुऱ्याएमा वा क्षति पुऱ्याएमा,

(ज) नगरपालिकको आदेशद्वारा तोकिएका ठाउँको सामुदायिक खोला वा तालमा कार्यपालिकाको इजाजत बेगर कुनै पनि व्यक्तिले जानी जानी जलचरहरु समात्न, मार्न वा चोट पुर्याउन नपाउने गरी जारी गरेको सूचनाको उलङ्घन गरेमा,

(झ) दफा ८ बमोजिम बाँध निर्माण वा सञ्चालन गर्ने निकायले मत्स्य भऱ्याङ निर्माण नगरेमा वा जलचर हयाचरी वा जलचर नर्सरीको व्यवस्था नगरेमा,

(ञ) दफा ८ बमोजिम बाँध सञ्चालन गर्ने निकायले खोलाको प्रवाहको पन्ध्र देखि पच्चीस प्रतिशत न्यूनतम वातावरणिय बहाव कायम नगरेमा,

(ट) कुनै व्यक्ति, संस्था वा निकायले फोहरमैला वा दूषित पानी (लिचेट) वा ढल खोला वा तालमा चुहावट वा उत्सर्जन गरी खोला वा ताल प्रदूषित गरेमा,

(ठ) ताल तलैया पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर खोला, खोलानालावा सार्वजनिक ताल, तलैया, पोखरी, दह वा सीमसारमा छाडेमा वा निष्कासन गरेमा,

(ड) कार्यपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र अन्य जलचरलाई समातेमा, मारेमा, चोट पूर्याएमा वा क्षतिपूऱ्याएमा।

१६. **जरिवानाः-**

(१) दफा १५ बमोजिम कसुर गरेमा कसुरको मात्रा हेरी रु पाँच हजार देखी विस हजार सम्म जरिवाना लाग्ने छ, र कसैले कसुर दोहोर्याएमा वा पटक पटक कसुर गरेमा पहिलो पटकको जरिवानामा शत प्रतिशत जरिवाना थप गरी जरिवाना तोकिने छ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

गल्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हटिया, बागलुङ
२०७३

CamScanner

**१७.पुरस्कार दिने:-**

(१) यस कार्यविधि विपरित कसूर हुन लागेको सुराक दिने वा अभियुक्त पक्राउ गर्न सहयोग गर्नेलाई कसुरदारलाई हुने जरिवानाको पन्ध्र (१५) प्रतिशत पुरस्कार स्वरुप प्रदान गरीने छ ।

(२) उपदफा (१) को बमोजिमको सुराकीको नाम, थर, वतन गोप्य रहने छ ।

(३) जलचर तथा जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोगमा उत्कृष्ट योगदान पुऱ्याउने समुहलाई कार्यपालिकाले आर्थिक पुरस्कार लगायत अन्य पुरस्कार दिन सक्नेछ ।

**१८.सहजीकरण तथा अनुसन्धान समिति:-** यस कार्यविधि बमोजिम सजाय हुने कसूरको अनुसन्धान गर्न लगायतका अन्य सहजीकरणको लागि जलचर उपयोग तथा संरक्षण सहजीकरण समिति गठन गर्न सक्नेछ ।

| | | |
|---|---|---|
| १. आर्थिक विकास समितिको संयोजक | - | संयोजक |
| २. वडा नं. १ को नगर सभा सदस्य १ जना | - | सदस्य |
| ३. स्थानीय प्रहरी चौकीको प्रमुख | - | सदस्य |
| ४. नगरपालिकाको राजश्व शाखा प्रमुख | - | सदस्य |
| ५. नगरपालिकाको पशु सेवा शाखा प्रमुख | - | सदस्य सचिव |

**१९.कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी:-**(१) यस कार्यविधि बमोजिम दण्ड जरिवाना गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

(२) यस कार्यविधि बमोजिम कारवाही तथा दण्ड जरिवाना हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकृतले सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

**२०.प्रचलित कानून बमोजिम सजाय हुने:-** यस कार्यविधि अन्तर्गत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलति कानून बमोजिम मुद्दा चलाई कारवाही गर्न यस कार्यविधिमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**२१.पुनरावेदन दिन सकिने:-** दफा १२ बमोजिम कार्यपालिकाको निर्णय उपर चित्त नबुझ्ने वा दफा २० बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**२२.जलचर र तत्सम्वन्धी औजार, माल वस्तु कब्जा गर्न सक्ने:-** (१) जलचर, जलीय जैविक विविधता, जलीय जैविक विविधताका अवयव, स्तनधारी जीव, घस्रने प्राणी, माछा, लगायत जलीय वनस्पति सम्बन्धमा यो कार्यविधि उल्लङ्घन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्तो जलचर, जलीय जैविक विविधता, जलीय जैविक विविधताका अवयव, स्तनधारी जीव, घस्रने प्राणी, माछा, लगायत जलीय वनस्पति र सो कसूरसँग सम्बन्धित औजार वा हतियारलाई नगरपालिकाका कर्मचारी वा प्रहरीले कब्जा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कब्जा गर्ने कर्मचारीले सो कब्जा गरीएको औजार, माल वस्तुको विवरण खोली कम्तिमा दुई जना व्यक्तिको रोहवरमा बरामदी मुचुल्का तयार गरी त्यस्तो मालमा खास चिन्ह लगाई नाप जाँच गरी सकभर चाँडो वडा कार्यालयमा प्रतिवेदन र औजार पेश गर्नु पर्नेछ ।

(३) यसरी जफत गरिएको मालसामान पहिलो पटकको लागि वडा कार्यालयमा रु. २५०० (पच्चिस सय) मात्र जरिवाना तिरेर फिर्ता लिन सकिने छ ।

**परिच्छेद ४**

**विविध**

**२३.अधिकार प्रत्यायोजन:-**नगरपालिकाले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, कार्यालय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
२०७३

CamScanner

२४. **प्रचलित कानून बमोजिम हुने:-** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

२५. **बचाउ:-** यस कार्यविधिको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

## अनुसूची -१

**दफा ३ को उपदफा (२) सँग सम्बन्धित**

### जलचर उपयोग इजाजतका लागि दिइने निवेदन

मितिः-

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
जैमिनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कुश्मिसेरा, बाग्लुङ।

**बिषयः जलचर उपयोगको लगि इजाजत पाउँ भन्ने बारे।**

प्रस्तुत सम्बन्धमा जैमिनी नगरपालिकाको जलचर एवम् जलीय विविधता संरक्षण कार्यविधि, २०८३ को व्यवस्था बमोजिम जैमिनी नगरपालिका क्षेत्रभित्रका नदी, खोलामा नियमानुसार जलचरको उपयोग गर्नको लागि तोकिएका कागजात सङ्लग्न गरी निवेदन पेश गरेको छु। निवेदन दर्ता गरी दर्ता गरी जलचर उपयोग अनुमती दिनुहुन अनुरोध गर्दछु।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

नामः-
ठेगानाः-
मोबाइल नं.-

अनुसूची -२

(दफा १४ को उपदफा २ सँग सम्बन्धित)

**जलचरको उपयोग गर्न इजाजत लिने सम्बन्धी सूचनाको ढाँचा**

जैमिनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कुश्मिसेरा, बाग्लुङ

गण्डकी प्रदेश, नेपाल

प.सं.

सूचना नं.

सूचना प्रकाशित मितिः २०...../........../........

**नगरक्षेत्र भित्रका खोला तथा नदीमा जलचरको उपयोग गर्न इजाजत लिने सम्बन्धी जरुरी सूचना**

उपरोक्त सम्बन्धमा जैमिनी नगरपालिकाको जलचर संरक्षण सम्बन्धी कार्यविधि, २०८३ बमोजिम यस नगरपालिकाका तपसिलमा उल्लेखित खोला तथा नदीहरुमा माछा मार्न चाहने नागरीकले यस नगरपालिकाबाट इजाजत प्राप्त गरेपछी मात्र पाउने व्यवस्था रहेकोले इच्छुक व्यक्तिले देहायका कागजातहरु सहित अनुसूची -१ बमोजिमको निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरीएको छ।

**तपसिलः-**

**देहायः-**

१. अनुसूची १ बमोजिमको निवेदन
२. नेपाली नागरीकताको प्रतिलिपी
३. राजश्व जम्मा गरेको रसिद
४. पासपोर्ट साइजको फोटो २ प्रति

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

अनुसूची -३
(दफा ३ को उपदफा ३ सँग सम्बन्धित)

## स्वघोषणा

जैमिनी नगरपालिकाको जलचर एवम् जलीय जैविक विविधता संरक्षण कार्यविधि, २०८३ बमोजिम मैले राजिखुसीले यो अनुमती पत्र लिएको हुँ। उक्त कार्यविधि, शर्त, नियम कानुनको बारेमा पूर्ण जानकार छु। इजाजत पत्र प्राप्त गरेपछी कार्यविधिले निषेधित गरेको कुनै पनि गैर कानुनी कार्य गर्ने छैन। माछा मार्ने सिलसिलामा कुनै दुर्घटना भएमा स्वयं जिम्मेवार हुनेछु। अन्य कुनै निकाय दोषी तथा जिम्मेवार हुने छैन। प्रचलित कानुनको उल्लङ्घन गरेमा कानुन बमोजिम सजाय भोग्न तयार छु।

**स्वघोषणा गर्नेको:-**

नामः

ठेगानाः-

हस्ताक्षरः-

मोबाइल नं.

मितिः-

**साक्षीः-**

१. जैमिनी नगरपालिका वडा नं. ................ बस्ने वर्ष ......................... को .........................................

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

अनुसूची – ४

(दफा ५ को उपदफा २ सँग सम्बन्धित)

## इजाजतपत्र नविरकणको लागि दिईने निवेदनको ढाँचा

मितिः ............./.........../...........

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
जैमिनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
कुश्मिसेरा, बाग्लुङ

**विषयः- जलचर उपयोग इजाजतपत्र नविकरण गरीदिने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा जैमिनी नगरपालिकाबाट मिति २० ........./............./......... मा दर्ता भई जलचर उपयोगको लागि प्राप्त भएको इजाजत जलचर उपयोग सम्बन्धी कार्यविधि, २०८३ बमोजिम आ.व. २०........./........... का लागि नविकरण गरीदिनुहुन यसै निवेदन साथ अनुरोध छ ।

रश्मि पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

निवेदकः-

नामः-

ठेगानाः-

मोबाइल नं

हस्ताक्षरः-

अनुसूची – ५

(दफा ३ को [illegible] सम्बन्धित)

# जैमिनी नगरपालिका

२०७३

## नगर कार्यपालिकाको कार्यालय

कुश्मिसेरा, बाग्लुङ

गण्डकी प्रदेश, नेपाल

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

## जलचर उपयोग इजाजत-पत्र

दर्ता नं.                                                                दर्ता मितिः २०...../..../.......

श्री ..................................................

..................................................

तपाँईलाई जैमिनी नगरपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धी कार्यविधि, २०८३ को दफा ३ ले गरेको व्यवस्था बमोजिम यो इजाजत पत्र प्रदान गरीएको छ। प्रचलित कानुनको अधिनमा रहेर जलचर उपयोग गर्नुहोला।

इजाजतपत्र प्राप्त गर्नुभएकोले बधाई छ।

..........................................

प्रमाणित गर्ने

नोटः यो इजाजतपत्र प्रत्येक वर्षको असोज मसान्त भित्र नविकरण गर्नुपर्नेछ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
गल्कोट, बागलुङ

## नविकरणको विवरण

| क्र.सं. | नविकरण गरेको मिति | नविकरण मिति | | नविकरण गर्ने अधिकारीको नाम र दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |